नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

प.सं. :२०७८/०७९ (प्रशा.)
च.नं.

## जिल्ला प्रशासन कार्यालय, सप्तरीबाट जारी आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरिएण्ट ओमिक्रोन सहितको संक्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।०९।३० गतेको निर्णयबाट जारी आदेश, संक्रामक रोग ऐन, २०२० को दफा २, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।१०।०६ गते बसेको बैठकको सिफारिसको आधारमा यस जिल्लामा मिति २०७८।१०।०६ गते राती १२:०० बजे देखि अर्को सूचना नभएसम्म लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ ।

१. सबै प्रकारका आमसभा, जुलुस, सभा, मेला वा धेरै मानिस भेला हुने क्रियाकलाप संवत् २०७८ साल माघ मसान्तसम्म संचालन नगर्ने ।
२. गोष्ठी, सेमिनार, समिक्षा, बैठक जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी संचालन गर्ने । साथै त्यस्ता कार्यक्रममा खोपको पूरा मात्रा लगाएका व्यक्तिहरु मात्र उपस्थित हुने गरी गर्ने व्यवस्था मिलाउने ।
३. सिनेमा हल, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटवल र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल माघ १५ गतेसम्म संचालन नगर्ने ।
४. विद्यालय, विश्वविद्यालय, कलेज, टयुसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप संचालन गर्दा संवत् २०७८ माघ १५ गतेसम्म भौतिक रुपमा उपस्थितिमा संचालन नगर्ने । त्यस्ता शैक्षिक क्रियाकलाप भर्चुअल वा वैकल्पिक शिक्षण सिकाईका विधिहरु अपनाई संचालन गर्ने ।
५. विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, बैदेशिक रोजगारीका लागि संचालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।
६. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्चलगायत धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत २०७८ साल माघ मसान्त सम्म नित्य पूजा, ध्यान र प्रर्थना मात्र गर्ने गराउने ।
७. सपिङ मल, डिपार्टमेन्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एक पटकमा पच्चीस जना भन्दा बढी हुन नहुने कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बिचमा कम्तीमा दुई मिटर दुरी

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी
फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

प.सं. :२०७८/०७९ (प्रशा.)
च.नं.

कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाइजर गर्ने गरी संचालन गर्ने। जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने।

८. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक तिहाई नढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने गरी कार्यक्रम संचालन गर्ने।

९. धार्मिक वा साँस्कृति जात्रा पर्व, विवाह, न्वारान, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्याश्यक परम्परागत धार्मिक तथा साँस्कृतिक क्रियाकलापहरु संचालन गर्दा पचास जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र संचालन गर्ने।

१०. सार्वजनिक यातायात संचालन सम्बन्धमा देहाय बमोजिम गर्नेः

क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने।

ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने।

ग) सावरी साधनको ढोकामा र सवागी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने।

घ) चालक र सहचालकले मास्क लागाउनुपर्ने।

ङ) सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नुपर्ने।

च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले मास्क उपलब्ध गराउनुपर्ने।

छ) मास्क नलागाउने व्यक्तिंलाई सवारी साधन प्रवेश गर्न नदिने।

ज) लामो दुरीमा चल्ने सार्वजनिंक यातायातमा बीचबाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्य देखि अन्तिम गन्तव्यसम्म यातायात संचालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCMC) लाई उपलब्ध गराउने।

११. आन्तरिक हवाई उडान संचालन सम्बन्धमा देहाय बमोजिम गर्नेः

क) चालक दल तथा सबै यात्रुलाई मास्क तथा फेस-सिल्ड अनिवार्य गर्ने।

ख) हवाई जहाजभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने।

ग) प्रत्येक उडान पछि हवाइ जहाज र व्यागेज निसंक्रमित गर्नुपर्ने।

घ) चेक-इन, बोर्डिङ, ब्यागेज क्लेम गर्ने स्थान तथा प्रतिक्षालयमा भिडभाड हुन नदिने र जनस्वास्थ्यका मापदण्ड लागू गर्ने।

१२. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने। मास्क नलागाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१७५
फ्याक्स :०३१-५२०६२४

प.सं. :२०७८/०७९ (प्रशा.)
च.नं.

१३. होटल तथा रेष्टुरेन्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिनेः

क) होटल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क र पञ्जा लगाउने ।

ख) होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।

ग) कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दुरी कायम गर्नु पर्ने ।

घ) सेनिटाइजरको व्यवस्था गर्नुपर्ने ।

ङ) होटल तथा रेष्टुरेण्ट नियमित रुपमा निसंक्रमित गर्नुपर्ने ।

च) मास्क नलागाउने व्यक्तिलाई होटल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।

१४. राष्ट्रिय राजमार्गहरुमा संचालित होटेल तथा रेष्टुरेण्टहरुले अन्य मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१५. सबै प्रकारका व्यवसायहरुको अग्रपङ्क्तिको काउण्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको २ पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

१६. नियमित रुपमा संचालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित संचालन गर्ने ।

१७. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय बमोजिम गर्नेः

क) जनस्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

ख) घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

ग) घर जग्गा तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

घ) विदेशबाट नेपाल आउँदा र निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङ्ग परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

ङ) पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिलडुल, भेटघाट र बैठक नगर्ने ।

च) स्थानीय तहमा क्वारेन्टिन र आइशोलेशनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

छ) अन्य व्यक्तिले जनस्वास्थ्यको मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी
फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२५

प.सं. :२०७८/०७९ (प्रशा.)
च.नं.

ज) होम आइसोलेशनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने।

झ) नेपाल सरकारले तोके बमोजिम कोभिड-१९ बिरुद्धको खोप लगाउने।

१८. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ। यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुर्याउने व्यक्ति तथा संस्थालाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही र सजाय हुनेछ।

प्रमुख जिल्ला अधिकारी